# सिरहा नगरपालिका
**SirahaMunicipality**
## नगर कार्यपालिकाको कार्यालय, सिरहा
Municipal Executive Office, Siraha
जिल्ला, सिरहा
District, Siraha
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

☎ :-००९७७-३३-५२०१५
५२०२०६ ,५२०२
इमेल Sirahamun2053@gmail.c
वेबसाइट - www.sirahamun.gov


पत्र संख्या : २०८२/०८३
चलानी नं. :

मिति: २०८२/१०/१३

## विषय: विद्यालय खोल्ने अनुमति तथा थप कक्षा संचालन सम्बन्धी सूचना।

प्रस्तुत सन्दर्भमा शिक्षा नियमावली, २०५९ को परिच्छेद २ नियम ३ को उपनियम (१) मा विद्यालय खोल्न निवेदन दिने, नियम ४ मा विद्यालय खोल्नको लागि पुरा गर्नुपर्ने पूर्वाधारको व्यवस्था भएको र सिरहा नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को परिच्छेद ३ को दफा ६ मा विद्यालय खोल्न अनुमति लिनु पर्ने व्यवस्था भएकाले शैक्षिक सत्र २०८३ मा यस सिरहा नगरपालिका अन्तर्गत विद्यालय सञ्चालन अनुमति लिन चाहने र सञ्चालनमा रहेका विद्यालयहरुले कक्षा थप एवम् कक्षा ११ र १२ को विषय थप समेत गर्न यही मिति २०८२ साल माघ मसान्त भित्र यस न.पा.को शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**विद्यालय सञ्चालन अनुमतिका लागि आवश्यक कागजातहरु:-**

१. शिक्षा नियमावली, २०५९ (संसोधन सहित) अनुसुची १ बमोजिमको ढाँचामा आवेदन।
२. वडा कार्यालयको सिफारिस तथा सिफारिस बाप्त तिरेको भौचर।
३. नजिकको समान तहको २ वटा समुदायिक विदालयको सहमति पत्र।
४. वि.व्य.स.को निर्णय प्रतिलिपि।
५. प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा।
६. तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपि।
७. शिक्षक नियुक्ति तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि। (शिक्षा नियमावली, २०५९ बमोजिम)
८. कम्तीमा ३ वर्षसम्म निजी स्रोतमा सञ्चालन गर्ने सम्बन्धी वि.व्य.स.को निर्णय तथा प्रतिवद्धता पत्र।

**(सामुदायिक विद्यालयको हकमा)**

९. सामुदायिक विद्यालयको नाममा आवश्यक जग्गा दर्ता भएको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि।
१०. लेखापरीक्षण प्रतिवेदन।

**संस्थागत विद्यालयको हकमा थप आवश्यक कागजातहरु:-**

११. कम्पनीको प्रमाणपत्र, प्रवन्धपत्र नियमावलीको प्रतिलिपि।
१२. शैक्षिक गुठी स्वीकृत भएको विधानको प्रतिलिपि।
(कक्षा १ तथा गुठीमा सञ्चालित विद्यालयको हकमा)
१३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
१४. घरभाडा जग्गाधनीको लालपुर्जा र सम्झौता पत्रको प्रतिलिपि।
१५. विद्यालयको प्रस्तावना पत्र।
१६. पञ्चवर्षिय कार्ययोजना।
१७. पाठ्यपुस्तक तथा शुल्क विवरण।
१८. कक्षागत विद्यार्थी विवरण (शै. २०८२)

२०८२/१०/१३
शाखा अधिकृत

CamScanner

सिरहा नगरपालिका
SirahaMunicipality
नगर कार्यपालिकाको कार्यालय, सिरहा
Municipal Executive Office, Siraha
जिल्ला: सिरहा
District: Siraha
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

:-००९७७-३३-५२०१५५
५२०२०६ ,५२०२०
इमेल Sirahamun2053@gmail.co
वेबसाइट - www.sirahamun.gov.

पत्र संख्या : २०८२/०८३
चलानी नं. : १३६२

मिति: २०८२/१०/१३

## विषय: आधारभूत तह (कक्षा ८) को रजिस्ट्रेशन फारम भर्ने सम्बन्धमा।

श्री आधारभूत तह (कक्षा ८) सञ्चालित विद्यालयहरू सबै,
सिरहा नगरपालिका, सिरहा।

प्रस्तुत विषयमा सिरहा नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका आधारभूत तह (कक्षा ८) सञ्चालन भएका विद्यालयहरू ले शैक्षिक सत्र २०८२ मा सञ्चालन हुने नगरपालिकास्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा मा सहभागी हुने विद्यार्थीहरूको, विवरण पछि फरक नपर्ने गरी IEMIS प्रणालीबाट Download गरी फारम भरी आवश्यक कागजातहरू संलग्न गरी मिति २०८२ माघ मसान्तभित्र यस कार्यालयमा अनिवार्य रूपमा पेश गर्नुहुन जानकारी गराइन्छ। उक्त कार्यका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुहुन अनुरोध छ।

**तपसिल:**

**१. कुनै पनि Browser खोलि emis.cehrd.gov.np मा Login गर्नुहोस्।**

- Username मा विद्यालयको EMIS Code
- Password राखी
- Login Button मा click गर्नुहोस्।

**२. Dashboard को Student Information मा click गरी**

- Year : 2082 र Class : 8 select गरी Search गर्नुहोस्।
- Action मा click गरी Edit मा गई विद्यार्थीको जन्मदर्ता अनुसारको नाम, जन्ममिति, बुवा/आमाको नाम, ठेगाना तथा विद्यार्थीको फोटो अद्यावधिक (Update) गर्नुहोस्।

**३. परीक्षामा सहभागी नहुने विद्यार्थीहरूका लागि:**

- Student Information मा गई
- Year 2082 र Class 8 search गरी
- Action मा click गरी Not in School गर्नुहोस्।

**४. Manage Exam मा click गरी Subject Management मा गई विषयहरू मिलेको/नमिलेको यकिन गर्नुहोस्।**

- त्यसपछि Manage Exam ⟶ Application Form मा गई
- Year 2082 र Class 8 select गरी Search पश्चात Load Button मा click गर्नुहोस्।
- माथि दाहिने कुनामा रहेको Print All मा click गरी Application Form Print Out गर्नुहोस् र विद्यार्थीहरूलाई वितरण गरी भर्न लगाउनुहोस्।

CS CamScanner

६. **Manage Exam → Admit Card मा click गरी**

- Year 2082 र Class 8 select गरी Load मा click गर्नुहोस् ।
- Symbol Number मा *Flash Code*,*Year* र *Student ID* मिलाएर Symbol Number Generate गर्नुहोस् ।
- सबै तयार भएपछि Save All Symbol Number मा click गर्नुहोस् ।
- अन्त्यमा Print All मा click गरी Admit Card Print गरी शिक्षा शाखाबाट प्रमाणित गराउनुहोस् ।

**आवश्यक कागजातहरू:**

१. विद्यालयको आधिकारिक पत्र ।

२. विद्यार्थीको फोटोसहितको आवेदन फारम र जन्मदर्ताको प्रमाणित छायाँप्रति ।

३. कक्षा ७ उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि।

**पुनश्च:**

विद्यार्थीको नाम, थर, जन्ममिति तथा अन्य विवरणहरू जन्मदर्ता अनुसार फरक नपर्ने गरी शुद्ध–अशुद्धि जाँच गरी EMIS मा अद्यावधिक गर्नुपर्नेछ । अन्यथा पछि Grade sheet मा फरक पर्न गएमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालय स्वयं हुने व्यहोरा जानकारी गराइन्छ ।

२०८२/१०/१३

शाखा अधिकृत